JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १४ गते शनिबार ❑ 27 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एकताबद्ध र प्रभावकारी भूमिका खेल्ने निर्णय

**रासस**
**काठमाडौं, १३ चैत**

नेकपा (एमाले) को शुक्रबारको संसदीय दलको बैठकले संसद्मा पार्टीको भूमिकालाई एकताबद्ध र प्रभावकारी बनाउने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा आशन्न बजेट तर्जुमाका क्रममा सांसदहरुका सुझाव र प्रस्तावित योजनालाई विधिसम्मतरुपमा प्रस्तुत गर्न आग्रह गरिएको छ। बैठकमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सांसदहरुलाई उक्त आग्रह गरेका थिए । शुक्रबारको बैठकमा गत बैठकमा अनुपस्थित रहेका र पार्टीका गतिविधिमा सार्वजनिक असन्तुष्टि व्यक्त गर्दै आएका वरिष्ठ नेता झलनाथ खनालगायतका नेताहरु पनि सहभागी भएका थिए। बैठकमा दलका नेता एवं अध्यक्ष केपी शर्मा ओलीले गत फागुन २८ गतेको केन्द्रीय कमिटीको विशेष बैठकले गरेका निर्णय र त्यसपछिका बैठकका निर्णयहरु फिर्ता नहुने स्पष्ट गर्दै संसदीय दलको संशोधित विधान पारित भइसकेले त्यसको कार्यान्वयन हुने जानकारी दिएका थिए। उनले भने, 'पछि कालान्तरमा आवश्यक परेमा संशोधन गरौँला। अहिले तलमाथि गर्न सकिँदैन । अब पार्टीमा समूहगतरुपमा कुनै सम्झौत वा वार्ता हुँदैन । बैठकमा आएर आफ्ना कुरा वा व्यक्तिगत समस्या राखेमा छलफल गरेर समाधान गर्न सकिन्छ। उनले अब दलको नियमित बैठक बस्ने, सांसद्को क्षमतावृद्धि गर्ने र संसद्मा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन नेतृत्वले सहजीकरण गर्ने पनि बताएका थिए।

सो दलका प्रमुख सचेतक विशाल भट्टराईले बैठकमा दलका नेता एवं प्रधानमन्त्री ओलीले नेताहरु माधवकुमार नेपाल र भीमबहादुर रावलबाट प्रस्तुत गरिएका स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको र कारबाहीको भागिदार हुने जनाउनुभएको बताए।

एमालेका चार नेतालाई स्पष्टीकरण सोधिएकामा सुरेन्द्र पाण्डे र घनश्याम भुसालबाट स्पष्टीकरण आउन बाँकी छ । शुक्रबारको बैठकमा नेताहरु घनश्याम भुसाल, योगेश भट्टराई, गोकर्णराज विष्टलगायतले पार्टीलाई एकताबद्ध बनाउने गरी अघि बढ्न अध्यक्ष ओलीलाई आग्रह गरेका थिए।

## पर्यटनलाई ब्राण्डिङ सहित प्रवर्द्धन गर्ने रणनीतिक योजनाको मस्यौदा माथि छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

पोखराको पर्यटनलाई ब्राण्डिङ सहित प्रवर्द्धन गर्न आवश्यक तत्कालीन एवम् अल्पकालीन रणनीतिका बारेमा तयार गरिएको मस्यौदा माथि पोखरामा सरोकारवाला बीच वृहत छलफल गरिएको छ।



पोखरा महानगरपालिका शहरी योजना आयोग र सुदृढ परियोजनाको सहकार्यमा पर्यटन पुनरुत्थान रणनीतिक योजना सम्बन्धी कार्यशाला गोष्ठिमा कोभिड १९ को असरसँगै पर्यटन क्षेत्रमा देखिएका चुनौतीहरुलाई चिर्दै आर्थिक सामाजिक रुपान्तरणका लागि पर्यटनको दिगो विकास बारेमा सरोकारवाला बीच छलफल गरिएको हो।

कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि पर्यटन विज्ञहरुको सल्लाह सुझावलाई ग्रहण गरेर पर्यटन मैत्री पूर्वाधार विकासमा महानगरले जोड दिने बताए । उनले पर्यटकलाई आकर्षित गर्न सांस्कृतिक र प्राकृतिक सम्पदा जोगाउन चुनौती देखिएको जनाउँदै पर्यटनमा सामुहिक प्रयासको खाँचो औल्याए। प्रमुख जिसीले आधुनिक विकासका नाममा परम्परागत संस्कृति र मौलिकता गुम्दै गएकोमा चिन्ता व्यक्त गर्दै घुमाउने घरहरु जस्ता धेरै मौलिक संरचनाहरु पोखराबाट लोप हुँदै गएको उनको भनाइ थियो । पर्यटन विश्वविद्यालयको विषयमा पनि महानगरले तयारी गरेको पोखरालाई पर्यटकीय महानगर बनाएर जानका लागि योजना तर्जुमा भइरहेको समेत उनले जानकारी दिए । महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले विश्वव्यापी महामारीले पर्यटन उठ्न नपाउँदै फेरी सुस्ताउने हो की भन्ने चिन्ता देखिएको जनाउँदै समस्याको समाधान सहित निकास खोज्नु पर्ने बेला आएको बताए । उनले पर्यटनको दिगो विकासका लागि अहिलेको अवस्थामा आएका रणनीतिक योजनाले दिर्घकालीन विकासको मार्ग कोर्न सफल हुने भएकाले सबैले अपनत्व ग्रहण गर्न सक्ने गरी गोष्ठिलाई सार्थक बनाउनुपर्ने धारणा राखे । प्रतिकुलतालाई कसरी अनुकलतामा परीणत गर्न सकिन्छ भन्ने विषयमा विज्ञता, परामर्शसहित मस्यौदा तयार भएको र यसमा देखिएका कमिकमजोरीलाई सुक्ष्म रुपमा केलाउन सके यसले पोखराको पर्यटनमा एउटा स्पष्ट मार्गचित्र तयार गर्न सक्ने बताए। महानगरका शहरी विकास आयोजना उपाध्यक्ष रामचन्द्र लामिछाने कोभिड १९ का कारणले पर्यटन क्षेत्रले प्रतिकुलता व्यहोरिहको अवस्थालाई दर्शाउँदै अब आउने दिनमा कस्तो रणनीति अपनाउने भन्ने विषयमा रणनीति मस्यौदा तयार भएको बताए। उनले पर्यटन महानगरको अर्थतन्त्रको ढुकढुकी भएकाले कोभिड १९ मा पर्यटनले गुमाएको पक्षलाई महानगरले आफ्नो नीति मार्फत सम्बोधन गर्ने प्रयास गरेको र त्यसको लागि संस्थागत संरचना तयार गरेर जाने सोच रहेको जानकारी दिए।

अहिले पर्यटन पोखरा राष्ट्रिय दस्तावेजले पर्यटन ३ देखि ५ प्रतिशत मात्र कुल ग्राहस्थ उत्पादना योगदन गरेको देखिन्छ भने पोखराको महानगरमा पर्यटन क्षेत्रबाट प्रत्यक्ष र प्रत्यक्ष २५ देखि ३० प्रतिशत अर्थतन्त्रमा योगदान दिएको उनको भनाइ छ। पोखराको ७५ हजार रोजगार लागि पर्यटन क्षेत्रलाई स्रोत मानिएको छ। उनले महानगपालिकाले नगरसभाबाट 'पोखरा पूर्वाधार विकास निगम' नामको लगानी संरचना तयार गरेको र सो संरचना मार्फत पोखरा महानगरपालिका र नीजि क्षेत्रको संयुक्त लगानीमा के कस्तो उद्योग व्यवसाय संचालन गर्न सकीन्छ भन्ने नीतिगत व्यवस्थाको तयारीमा रहेको समेत जानकारी दिए।

कार्यशालामा पर्यटनविज्ञ एवम् वन क्याम्पस पोखरा उपप्राध्यापक श्रीकान्त खतिवडाले लामो समयको अध्ययन पश्चात तयार गरेको पर्यटन पुनरुत्थान रणनीतिक योजना मस्यौदा प्रस्तुत गरेका थिए। प्रस्तुत मस्यौदामा कोभिड १९ को अवस्थामा ४ वटा उद्देश्य २३ वटा रणनीति र ७६ रणनीतिक कार्यक्रम बारेमा जानकारी गराइएको थियो । उक्त मस्यौदा माथि पर्यटन सम्बद्ध संघ संस्थाहरुले सुझावहरु राखेका थिए । कार्यक्रममा पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष टिकाराम सापकोटा, नेपाल पर्यटन बोर्ड पूर्व कार्यसमिति सदस्य बासु त्रिपाठी, पोखरा पर्यटन परिषदका महासचिव रामचन्द्र शर्मा, नेपाल माउण्टेनियरिङ एशोसियशनका अध्यक्ष शेषकान्त शर्मा, बड्स सोसाइटिका अध्यक्ष मनशान्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन आग्रह

**रासस**
**काठमाडौं, १३ चैत**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मौसममा आएको परिवर्तनसँग काठमाडौं उपत्यकाभित्रको वायु प्रदूषण बढेकोले अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कन सबैलाई अपिल गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले शुक्रबार अपिल जारी गर्दै वायु प्रदूषणले स्वाशप्रश्वासमा कठिनाइ लगायत विविध स्वास्थ्य समस्या देखा पर्न सक्ने भएकोले अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कन र निस्कनै पर्ने अवस्था भए मास्कको प्रयोग गर्न आह्वान गरेका छन्।

उनले अत्यावश्यक नभई सवारी साधान नचलाउन र सवारी साधन वा पेशा व्यवसायका कारण हुन सक्ने वायुप्रदूषणका कारणलाई कम गर्न आग्रह गरे । अपिलमा घरबाहिरको खुलास्थानमा नबस्न, नखेल्न र मर्निङ्वाकमा घर बाहिर जाने गरेको भएपनि नजान भनेका छन्।

'घरबाहिर खुलास्थानमा नबसौ, नखेलौ, मर्निङ्वाकमामा जाने वा घर बाहिर गएर शारीरिक व्यायाम गर्ने गरिएको छ भने यस्तो अवस्थामा रोकौँ' उनले जारी गर्नु भएको अपिलमा भनिएको छ, 'घरभित्रै बसौँ, घरभित्रै व्यायाम गरौँ । बालबिालका, दीर्घ रोगी, ज्येष्ठ नागरिकको विशेष ख्याल गरौँ।' यस्तै उनले फोहरको उचित व्यवस्थापन गर्न र फोहर जम्मा गर्ने काम नगर्न पनि आग्रह गरेका छन् । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले धुलो धुँवा उड्ने खालका पेशा, व्यवसाय, निर्माणकार्य केही दिनलाई स्थगन गर्न पनि आव्हान गरेका छन्।

## सार्वजनिक यातायातमा मास्क अनिवार्य

**रासस**
**काठमाडौं, १३ चैत**

कोभिड-१९ को संक्रमणलाई ध्यानमा राख्दै सार्वजनिक यातायातमा कडाइ गरिने भएको छ। पछिल्लो समय नेपालमा कोरोना संक्रमणको दरमा बृद्धि भएको भन्दै रोकथाम तथा नियन्त्रणका लागि काठमाडौँमा सार्वजनिक यातायातमा मास्कको प्रयोगलाई अनिवार्य बनाउन लागिएको हो।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यातायात मजदुरबीच शुक्रबार भएको छलफलमा सार्वजनिक यातायातमा मास्कको प्रयोग अनिवार्य गर्ने निर्णय भएको हो। सार्वजनिक यातायातमा मास्क नलगाउने यात्रु तथा क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीसाधनलाई कारबाही गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जानकारी दिए । उनका अनुसार आजको छलफलमा सार्वजनिक यातायात क्षेत्रमा स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गराउने निर्णयसमेत भएको छ। सार्वजनिक यातायातमा भौतिक दूरीलाई व्यवस्थित गर्ने, बसपार्कमा साबुनपानीले हात धुने व्यवस्था मिलाउने, अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका निर्णय भएको बताइएको छ।

## होलीको अवसरमा पोखरा रंगशालामा प्रदेश स्तरीय खुल्ला विविध कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

होली पर्वको अवसरमा यही यहि चैत १५ गते आईतबार पोखरा रंगशालामा गण्डकी प्रदेश स्तरिय खुल्ला विभिन्न रमाइलो खेलकुद कार्यक्रम हुने भएको छ।

राष्ट्रिय खेलकुद परिषद (राखेप) को तत्वाधान र क्षेत्रीय र जिल्ला खेलकुद विकास समितिको संयुक्त आयोजनामा फागुपूर्णिमाको अवसरमा पोखरा रंगशालामा प्रदेश स्तरिय रमाइलो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रजातान्त्रिक दलबीच एकता अपरिहार्य : नेता पौडेल

**रासस**
**काठमाडौं, १३ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संसदीय प्रजातान्त्रिक पद्धतिमाथि चौतर्फीरूपमा आक्रमण भइरहेको अहिलेको अवस्थामा यसलाई बचाउन प्रजातान्त्रिक दलबीच आपसी एकता अपरिहार्य रहेकामा जोड दिएका छन्।

विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँगको कुराकानीमा उहाँले सङ्घीय लोकतन्त्र र जनताको बलिदानबाट निर्माण गरिएको संविधान जोगाउनु नै अहिले महत्वपूर्ण कार्य रहेको बताए।

वरिष्ठ नेता पौडेलले वर्तमान अवस्थामा संविधान र लोकतन्त्रलाई भत्काउने विभिन्न किसिमका षड्यन्त्र भइरहेकाले त्यसबाट मुलुकलाई जोगाउन सबै दललाई आग्रह गरे । उनले सबै राजनीतिक दलबीच आपसी सहमतिमा सरकारको विकल्प खोज्ने गरी छलफल एवं गृहकार्य जारी रहेको औल्याए। नेता पौडेलले आफ्नो पार्टीबाट वर्तमान सरकारविरुद्ध अविश्वासको प्रस्ताव नल्याउने बताउँदै अहिलेको अवस्थामा सत्तालाई प्राथमिकतामा नराखिएको स्पष्ट गरे।


## 'प्रविधिको प्रयोगले सुशासन स्थापित गर्न सघाउँछ '

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ चैत**

प्रविधिमैत्री पूर्वाधारसँगै यस विषयको ज्ञान लिनसके पर्यटन क्षेत्रलाई थप व्यवस्थित गराउन सकिने बताइएको छ।

पोखरा पर्यटन परिषद्ले संस्थामा आबद्ध पर्यटन व्यवसायीका लागि आयोजना गरेको दुईदिने 'डिजिटल मार्केटिङ एण्ड सोसल मिडिया' तालीमको समापनमा सहभागी वक्ताहरूले प्रविधिमैत्री पूर्वाधारसँगै यस विषयको ज्ञान लिनसके पर्यटन क्षेत्रलाई थप व्यवस्थित गराउन सकिने धारणा राखे।

सो अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख प्रमुख काशिराज भण्डारीले प्रविधिले छिटो र छरितोसँगै सुशासनमा स्थापित गर्न पनि सघाउ पुऱ्याउने बताए । उनले पछिल्लो समय पर्यटनमा सोसल मिडिया पनि निकै शक्तिशाली माध्यम बन्दै गएकाले यसको सही सदुपयोग गरेर फाइदा लिन व्यवसायीलाई आग्रह गरे । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनमा सम्पन्न तालीममा परिषद्का संस्थाका संस्थापक अध्यक्ष अशोक पालिखेले प्रविधिको प्रयोगलाई सदुपयोग गर्नसके व्यावसायिक सफलता हासिल गर्न सकिने बताए । कोभिड-१९ का कारणले व्यवसायमा शिथिलता आएको जनाउँदै अब प्रविधिका माध्यमबाट पोखराको पर्यटनलाई ब्राण्डिङ गर्न नवीनतम् सोचको खाँचो औल्याए । परिषद्का उपाध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटन व्यवसायीको क्षमता अभिवृद्धिका लागि यस तालीमले सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । तालीमका प्रशिक्षक पारस देवकोटाले सहभागीले डिजिटल र सोसल मिडियाका बारेमा विभिन्न जिज्ञासासहित सहभागिता जनाएको बताए । परिषद्सँग आबद्ध १२ संस्था करीब १०० पर्यटन व्यवसायी तालीममा सहभागिता रहेको थियो।



# स्प्यारो पे. ले आहा रारामा अनलाइन टिकेटिङ पाट्नर

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

१९ औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगितालाई सफल पार्न विभिन्न संघ संस्थाले सहकार्य गर्दै आएका छन्।

पछिल्लो क्रममा स्प्यारो पे.प्रा.लि. (खल्ती) र पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि.ले आहा रारा गोल्ड कपलाई सफल पार्न सहकार्य गरेका हुन्। स्प्यारो पे.प्रा.लि. (खल्ती) ले आहा राराको अनलाइन टिकेटीङ पाट्नरको रुपमा रहेको छ भने पृथ्वी राजमार्गले उप–प्रायोजकको रुपमा सहयोग गर्ने भएको सहारा क्लवले जनाएको छ । आहा राराको प्रतियोगिता अवधि भर अनलाइन टिकट काट्दा १० प्रतिशत क्यास ब्याक पाउने भएको छ । क्लवका अध्यक्ष केशव बहादुर थापा, स्प्यारो पे.प्रा.लि.का सह–प्रबन्धक जोनाम भुर्तेल बिच सम्झौता पत्रमा समेत हस्ताक्षर भएको छ । प्रत्येक खेलमा गोला प्रथाद्धारा दर्शक छनौट भएका खल्ती एक्साइटिङ फ्यान अफ म्याचको रुपमा २ हजार रुपैया प्रदान गरिने भएको छ।

सहारा क्लवको स्थापना कालदेखि सहकार्य र सहयोग गर्दै आएका पृथ्वी राजमार्गले यस अघि उत्कृष्ट ५ विधाको पुरस्कार प्रायोजन गर्दै आएको थियो भने यस बर्ष उपप्रायोजक भएको हो । प्रा.लि.का अध्यक्ष योगेन्द्र बहादुर केसी र क्लवका अध्यक्ष केशव बहादुर थापा बिच सम्झौता पत्रमा हस्ताक्षर समेत भएको छ। पोखरा रंगशालामा यही चैत २१ गते देखि चैत २८ गतेसम्म आहा! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ हुने भएको छ । प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता रहेको छ।

"आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ।

# कोरोना संक्रमित बढेपछि गाउँपालिकाको सेवा छ दिन बन्द

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा कोरोना सङ्क्रमित बढेपछि गाउँपालिकाको सेवा छ दिन बन्द गरिएको छ।

गाउँपालिका कार्यालय रहेको वडा नं ४ को लाहाचोकमा केही दिनयता सङ्क्रमित बढेकाले चैत १३ देखि १८ गतेसम्म गाउँ कार्यपालिका कार्यालयबाट प्रदान गरिने सबै सेवा बन्द गरिएको अध्यक्ष कर्णबहादुर गुरुङले बताए।

गाउँको एक सहकारीका सदस्यहरू सहकारी भ्रमणमा गएर फर्किएपछि शुरुमा तीन जनामा सङ्क्रमण पुष्टि भएको र सोही आधारमा कन्ट्याक्ट ट्रेसिङका आधारमा नमूना परीक्षण गर्दा चैत ११ गते थप १३ जनामा सङ्क्रमण पुष्टि भएको बताइन्छ । सङ्क्रमितहरू भ्रमणमा गएका र उनीहरूका परिवारका सदस्य रहेका छन् ।

कार्यालयबाट सेवा प्रवाह गर्दा सङ्क्रमण अझ बढ्न सक्ने अवस्था रहेकाले सेवाग्राहीको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर सेवा बन्द गरिएको अध्यक्ष गुरुङले जानकारी दिए।

यसै गरी जिल्ला प्रशासन कार्यालय कास्कीले पछिल्लो समय भारतलगायत छिमेकी देशमा फैलिरहेको कोरोना भाइरस सङ्क्रमणको अवस्थालाई मध्यनजर गर्दै अनावश्यक सभा समारोह, सम्मेलन र भेला आयोजना नगर्न आग्रह गरेको छ। जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बिहीबारको बैठकपछि प्रशासनले साँझ सूचना जारी गरी कोभिड-१९ नेपालमा पनि बढ्नसक्ने भएकाले सोको नियन्त्रणका लागि विभिन्न छ बुँदे निर्देशन जारी गरेको छ।

प्रशासनले नजिकँदै गरेको होलीपर्वलगायत चाडपर्व मनाउँदा र अत्यावश्यकबाहेक गोष्ठी, भेला, कार्यक्रम गर्दा भीडभाड नगरी अनिवार्य जनस्वास्थ्यको पालना गर्न आग्रह गरिएको छ । यसैगरी क्वारेन्टिन तथा आइसोलेसन केन्द्रहरूलाई तयारी अवस्थामा राख्ने, सरकारी तथा गैरसरकारी संस्था, व्यावसायिक प्रतिष्ठान, होटल, रेष्टुरेन्ट, बैंक तथा वित्तीय संस्थामा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गराउने र सुरक्षित तवरले सेवा प्रवाह मिलाउन आग्रह गरिएको छ।

मास्कको अनिवार्य प्रयोग, स्यानिटाइजर, भौतिक दूरी कायम गर्न आग्रह गर्दै प्रशासनले होटल रेष्टुरेन्ट तथा पर्यटन क्षेत्रमा समेत तोकिएको मापदण्डको पालना गर्न भनिएको छ। प्रशासनको आग्रहलाई अवज्ञा गर्ने गराउने व्यक्तिलाई सङ्क्रामक रोग ऐन, २०२० तथा प्रचलित कानूनबमोजिम कारवाही हुने प्रशासनले जनाएको छ।

# भकुण्डेको शान्ता माविले सृजना कप भलिबल प्रतियोगिताको दोहोरो उपाधि हात पार्‍यो

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



पोखरा १८ स्थित भकुण्डेको शान्ता माविले तेश्रो सृजना कप सामुदायीक मावि छात्र/छात्रा भलिवल प्रतियोगिताको दोहोरो उपाधि जितेको छ।

पोखरा रंगशालामा रहेको भलिबल ट्रेनिङ सेन्टरमा शुक्रबार भएको छात्र तथा छात्रा तर्फको फाइनल खेलमा उपाधि जितेसंगै शान्ता माविले दोहोरो उपाधि जित्न सफल भएको हो । प्रतियोगिताको दोहोरो उपाधि जितेको शान्ता माविले छात्र तथा छात्रा तर्फ नगद ७०/७० हजार साथमा ट्रफी मेडल प्रमाण–पत्र प्राप्त गरेको हो। छात्रा तर्फको फाइनल खेलमा शान्त माविले अम्मरसिंह माविलाई २५–२१, ११–२५, २५–२१ र २७–२५ को सेटमा पराजित गरेको हो। छात्र तर्फको फाइनल खेलमा भने शान्ता माविले कालिका माविलाई २५–१८, १६–२५, २५–२१ र २५–१९ को सेटमा पराजित गरेको हो । प्रतियोगितामा छात्रा तर्फ जनप्रिय मावि र छात्र तर्फ भने मेश्रम वराह घान्द्रुक तेश्रो भएको छ । उपबिजेतालाई ३५/३५ हजार र तृतीय हुने विद्यालयलाई २०/२० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ।

प्रतियोगितामा छात्रा तर्फ शान्ता माविकी शुभा राई र छात्र तर्फ शान्ता माविकै जीवन सुनार उत्कृष्ट खेलाडी घोषित भएका छन्। उनीहरुलाई जनही ५/५ हजार पुरस्कार पुदान गरिएको हो । प्रतियोगितामा छात्रा तर्फ उत्कृष्ट सर्भरमा जनप्रियकी माविकी विपना पुन, उत्कृष्ट डिफेण्डरमा शान्ता माविकी गंगा गुरुङ, उत्कृष्ट सेटरमा शान्ताकै पूर्णिमा राई, उत्कृष्ट स्पाइकरमा अम्मरसिंहकी गंगा गुरुङ घोषित भए।

त्यसै गरी प्रतियोगिताको छात्र तर्फ उत्कृष्ट व्लकरमा शान्ता माविका पुष्कर ठगुना, उत्कृष्ट डिफेण्डरमा मेश्रम वराह माविका निरज धमाल, उत्कृष्ट सेटरमा शान्ताकै विवेक सुनार, उत्कृष्ट स्पाइकरमा कालिका माविका मिलन विक घोषित भए । उनीहरुलाई जनही एक एक थान भलिवल उपहार प्रदान गरिएको थियो। छात्र तर्फका उत्कृष्ट स्पाइकर कालिका माविका मिलन विकलाई राखेप सदस्य राजेश कुमार गुरुङले नगद ५ हजार पुरस्कार प्रदान गरे। विजेता खेलाडीहरुलाई राखेप सदस्य राजेश कुमार गुरुङ, केन्द्रका अध्यक्ष इन्द्र प्रसाद पौडेल, कास्की जिल्ला भलिवल संघका अध्यक्ष भिम पराजुली लगायतले पुरस्कार वितरण गरेका थिए।

यसअघी चैत १४ गते शनिबार फाइनल खेल हुने भनिएपनि कोरोना संक्रमण बढेपछि प्रशासनले खेलकुद लगायतका ईभेन्टहरु माथि प्रतिबन्ध लगाउन सक्ने आशंकामा एक दिन अघि नै प्रतियोगिता सम्पन्न गरेको सृजना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेलले बताए । कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्र सिमलचौर पोखराको संयुक्त आयोजनामा संचालन भएको प्रतियोगितामा छात्रतर्फ २० र छात्रातर्फ ११ टिमले सहभागिता जनाएका थिए।

# शनिबार पोखरामा हुने १० किलोमिट दौडको सम्पूर्ण तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

पोखरामा शनिबार हुने १० किलोमिटर महिला तथा पुरुष सडक दौड प्रतियोगिताको तयारी पुरा भएको छ।

भुतपूर्व खेलाडी मञ्च नेपालको आयोजनामा शनिबार विहान हुने उक्त प्रतियोगिताको अन्तिम तयारी पुरा भएको मञ्चका अध्यक्ष एवं गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिब तेज बहादुर गुरुङले बताए।

१५ औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन अन्तर्गत हुने उक्त प्रतियोगितामा पुरुष र महिलातर्फ विभिन्न १७ जिल्लाका धावकहरुले नाम दर्ता गराएको मञ्चका द्वितिय उपाध्यक्ष दिल बहादुर गुरुङले बताए। उक्त दौड अन्तर्गत पुरुषतर्फ ४ सय ७५ जना र महिला तर्फ ८० जना प्रतियोगिहरुले नाम दर्ता गराएको उनले जनाए।

दौडको शुभारम्भ तथा विजयी खेलाडीलाई नगद, मेडल तथा प्रमाणपत्र पोखरा महानगर पालिकाका प्रमुख मान बहादुर जिशीले अपर्ण गर्ने कार्यक्रम तय भइ सकेकोको मञ्चले जनाएको छ। उक्त दौड पोखरा रंगशालाबाट शुरु भई, पृथ्वीचोक, मेयर हर्कचोक, मुस्ताङचोक, शहिद चोक, हल्लनचोक, डिहिको पाटन, जरेवर, जिरो किमी, सृजना चोक, शभागृह चोक, न्यूरोड, विपी चोक हुँदै मानवअधिकार चोक (पोखरा ट्रेडमल) पुगेर समापन हुनेछ । दौडको रुटमा पर्ने सम्पूर्ण संघ संस्था तथा आमा समुहहरुलाइ सदाझैं सांस्कृतिक झाँकी र वाजागाजा सहित धावकहरुलाई स्वागत गरिदिन मञ्चले आह्वान गरेको छ। त्यसै गरी सवारी आवगमनका कारण धावकहरुलाई बाधा पग्ने भएकोले सम्पूर्ण यातायत व्यवसायीहरुलाई केही समयका लागि आफ्ना सवारी साधनहरु नचलाउन समेत आग्रह गरेको छ । विश्वभर कोभिड १९ का कारण सम्पूर्ण स्वास्थ्यका मापदण्ड अपनाउँदै दौड कार्यक्रम आयोजना गरिएको मञ्चका आजिवन सदस्य तथा स्वास्थ्य समितीका संयोजक सम्मर बहादुर श्रेष्ठले जनाएका छन । उनले भने-'हामी निकै सजग छौं र स्वास्थ्यका मापदण्ड अपनाएका छौं भने सहभागी खेलाडीहरुलाई समेत यसबारे सचेत गराएका छौं ।' स्वास्थ्य सचेतना सँगै खेलाडी तथा अन्य कार्यक्रममा सहभागीहरुलाई नेलम्वो नेपालले स्वास्थ्यका सामाग्री मास्क र सेनीटाइजरहरु समेत वितरण गर्ने तयारी भइरहेको संयोजक श्रेष्ठले बताए।

प्रतियोगितामा विजयी महिला र पुरुषतर्फ प्रथम हुनेले समान नगद १५-१५ हजार, दोश्रोले १०-१० र तेश्रोले ७-७ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन । त्यसै गरी दौडतर्फ ३०० जना धावकहरुलाई उनीहरुले दौड पुरा गरेको क्रमशंख्याको आधारमा मेडल प्रदान गरिने मञ्चका प्रथम उपाध्यक्ष हरि प्रसाद पराजुलीले जनाएका छन।

## पोखराको ...

घिमिरे, लेखनाथ उद्योग बाणिज्य संघका सदस्य दामोदर भक्त थापा लगायतले क्षेत्रगत सुझावहरु राखेका थिए।

सो कार्यक्रममा ट्रेकिङ एजेन्सिस एशोसियशन अफ नेपाल (टान) पश्चिमाञ्चल, पश्चिमाञ्चल होटल एशोसियशन (हान), नेपाल एशोसिएशन अफ ट्राभल्स एण्ड टुर एजेन्टस (नाट्टा) रेष्टुरेन्ट एण्ड बार एशोसियसन (रेवान), ट्रेकिङ इक्युपमेन्ट सप एशोसियशन (टेसा) नेपाल हवाइ खेलकुद संघ (ना), इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसियशन (ऐगा), होमस्टे एशोसियशन अफ नेपाल (होसान) गाँउ पर्यटन विकास मञ्च (भिटोफ), महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ), पर्यटन व्यवसायी महिला संघ (टेवान), पोखरा उद्योग वाणिज्य संघ लगायतका सलगायतका संस्थाको संस्थागत प्रतिनिधित्व रहेको थियो।

## होलीको ...

विविध खेलकुद कार्यक्रम हुने राखेप सदस्य राजेश कुमार गुरुङले बताए । गण्डकी प्रदेश स्तरिय खुल्ला ठेलो प्रतियोगिता, खुल्ला डोरी तान्ने प्रतियोगिता, म्यूजिकल चेयर, घैंटो फुटाउने प्रतियोगिता, बाँसको लिंगो चढ्ने लगायतका प्रतियोगिता आयोजना गरिने राखेप सदस्य गुरुङले जनाए।

प्रतियोगितामा भाग लिन चाहने खेलाडीले चैत १४ गते अपराह्न ५ बजेसम्ममा नाम दर्ता गराइसक्नुपर्ने उनले जनाए। ठेलो प्रतियोगितामा प्रथम हुनेले १५ हजार, द्वितीय हुनेले १० हजार र तृतीय हुनेले ५ हजारसहित प्रमाण पत्र प्राप्त गर्ने क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले बताए। अन्य विभिन्न प्रतियोगितामा विजेतालाई आकर्षक पुरस्कार प्रदान गरिने भएको छ।

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड–१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।**


- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु–सूचीत गरौं ।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बीमावापतको रकम भुक्तानी नहुँदा औषधि खरिदमा समस्या

पोखरापत्र संवाददाता
दमौली, १३ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई बीमावापतको रु एक करोड भुक्तानी नहुँदा औषधि खरिदमा समस्या भएको छ।

बीमा गरेका सर्वसाधारणले उपचार केन्द्रबाट निःशुल्क औषधि पाए पनि उक्त बापतको रकम अस्पताललाई प्राप्त नहुँदा अस्पतालले औषधि खरिद गर्न नसकेको हो।

अस्पतालको आम्दानीको स्रोत नभएको र बीमावापतको औषधिको रु एक करोड विगत छ महिनादेखि प्राप्त हुन नसकेको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। "बीमाले अस्पताललाई रकम भुक्तानी नगर्दा औषधि खरिद प्रक्रिया अगाडि बढाउन सकेका छैनौं", डा श्रेष्ठले भन्नुभयो, "केही दिनभित्र रकम भुक्तानी नभए उपचार केन्द्रमा औषधि अभाव हुने भएको छ।" उहाँले अस्पतालमा औषधि अभाव हुन नदिन छिट्टै रकम भुक्तानी गरिदिन आग्रह गर्नुभयो। उपचार केन्द्रले फार्मेसीलाई नै औषधिवापतको रु ८० लाखभन्दा बढी भुक्तानी दिन बाँकी छ। "पहिलाकै पैसा दिनसकेका छैनौं, बीमावापतको रकम आए त्यो भुक्तानी गरेर थप औषधि खरिद गर्ने योजनामा छौं", डा श्रेष्ठले भन्नुभयो। औषधि आपूर्तिकर्तालाई औषधि पठाउन आग्रह गरे पनि पहिलेकै भुक्तानी बाँकी भएकाले आपूर्तिकर्ताले पनि औषधि पठाउन मानेको छैन।

अस्पतालमा दैनिक २०० सम्म बिरामी उपचारका लागि आउने गरेका छन्। त्यसमध्ये ९० प्रतिशत बीमा गरेका बिरामी आउँछन्। "बीमाको रकम नपाउने समस्या देशभर नै हो, बीमा कार्यालयमा बुझ्दा जनशक्ति नभएर भुक्तानी दिन नसकेको भन्ने जवाफ आउँछ", उहाँले भन्नुभयो। अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन्। पचास शय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेका साथै भाडापखला, टाइफाइड, ज्वरो, ग्यास्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन्। दक्षिण एशियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले केही वर्षअघि पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रका नाममा प्रदान भइसकेको छ।

अस्पतालमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन्। अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नसारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। त्यसबाहेक अस्पतालले केही दिन अगाडिबाट मात्र कल्चर सेवा पनि शुरु गरेको छ। अस्पतालमा बिहान १० बजेदेखि ४ बजेसम्म ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याब, भिडियो एक्सरे सेवा, माइनर शल्यक्रियालगायतका सेवा दिइरहेको छ। मेजर शल्यक्रिया र पाँच शय्याको सघन उपचारकक्ष सञ्चालनको तयारी गरिएको कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिनुभयो।

अस्पतालको थप सुधार र विकासका लागि गुरुयोजना पनि बनाइएको छ। गुरुयोजना निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेको अस्पताल सञ्चालक समितिका सदस्य राम भण्डारीले जानकारी दिनुभयो। "गुणस्तरीय सेवा प्रवाहका लागि उपचार केन्द्रलाई पूर्वाधार अभाव पनि छ, सेवासुविधा विस्तारका लागि स्वास्थ्य मन्त्रालयसँग पनि समन्वय भइरहेको छ", भण्डारीले भन्नुभयो।

# सृजना मा.वि.मा अतिरिक्त क्रियाकलाप सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



पो.म.न.पा वडा नं. ८ मा अवस्थित सृजना आवासीय माध्यमिक विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तर्गत शुक्रबारका दिन विद्यालयको आयोजना तथा युवा रेडक्रस सर्कल, सृजना आ.मा.वि.को व्यवस्थापनमा कक्षा ९-१० का लागि 'नेपाली कविता वाचन प्रतियोगिता' तथा कक्षा ६-८ का लागि नेपाली निबन्ध लेखन प्रतियोगिता र कक्षा २-५ का लागि नेपाली हस्तलेखन प्रतियोगिता सम्पन्न भएको छ।

जसअन्तर्गत हस्तलेखन प्रतियोगितामा कक्षा २ का सम्भवी जैसी, नितेश थापा, प्रसिद्धि क्षेत्री, सुवर्ण सुवेदी कक्षा ३ का सम्भवी परियार, रविन्स खड्का, आदित्य पौडेल, जेनिशा श्रेष्ठ कक्षा ४ का निकिता अधिकारी, निर्जना महतो, दिया महत, मानुषी चालिसे कक्षा ५ का अपेक्षा अधिकारी, खुसी गुरुङ, स्मृति चपाई, सरस्वती आले मगरले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरेका थिए। यसैगरी निबन्ध लेखन प्रतियोगितामा कक्षा ६ का स्वस्तिका सिंह, प्रनिशा गौडेल, दिप्सीका खड्का, समर्पण शर्मा कक्षा ७ का सोनिका सुवेदी, युजिन गुरुङ, सदिक्षा सिग्देल, सफल पौडेल र कक्षा ८ का शुभेक्षा खड्का, सौगात गिरी, सुष्मा पौडेल, निशान्त सिग्देलले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरेका थिए।

यसका साथै कक्षा ९-१० को कविता वाचन प्रयियोगितामा सुमन काफ्ले, दर्शन अधिकारी, अनिशा न्यौपाने र साजन पौडेल, विपिशा भट्टराईले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरेका थिए।

यही चैत्र १३ गते शुक्रबारका दिन आयोजित कार्यक्रममा विद्यालयका प्रिन्सिपल डोलराज पाण्डेले प्रतियोगिताका सम्पूर्ण बिजेता विद्यार्थीहरूलाई बधाई दिनुका साथै बिजेताको प्रमाणपत्रद्वारा पुरस्कृत गर्नुभएको थियो। साथै उहाँले अतिरिक्त क्रियाकलापको महत्व माथि प्रकाशन पार्नुहैंदै विद्यालयले आयोजना गरेका सबै प्रतियोगिताहरूमा विद्यार्थीहरूको सक्रिय सहभागीता हुनुपर्ने कुरामा जोड दिनुभएको कुरा विद्यालयका शिक्षक तथा मिडिया संयोजक विष्णुप्रसाद सुवेदीले जनाएका छन्।

# विकास निर्माणमा सबै एकजुट हुनुपर्छ : अध्यक्ष तिमिल्सिना

पोखरापत्र संवाददाता
पर्वत, १३ चैत

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विकास निर्माणका काममा सबै दल एकजुट हुनुपर्ने बताउनुभएको छ। मुलुक विकास र समृद्धिको युगमा अघि बढेको जनाउँदै विकास निर्माणका कामलाई प्रभावित पार्न नहुने बताउनुभयो।

आफ्नो जन्मगाउँ मोदी गाउँपालिका-७ राम्जादेउरालीमा आजदेखि शुरु भएको प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिताको उद्घाटन गर्दै उहाँले चुनावका बेला आ-आफ्नो विचारको पक्षमा राजनीति गरे पनि विकास निर्माणमा सबै एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले अब नागरिक आर्थिक समृद्धितर्फ अघि बढ्नुपर्ने बताउनुभयो। यसका लागि व्यावसायिक बन्नुपर्ने धारणा अध्यक्ष तिमिल्सिनाको छ। कृषि, पशु, खेल, गायन जुनसुकै क्षेत्रमा लागे पनि व्यावसायिक हिसाबले लाग्नुपर्ने जनाउँदै कुनै पनि पेशा व्यावसाय सानो ठूलो नहुने भएकाले त्यसमा गरिने मेहनत र परिश्रममा भर पर्ने उहाँले बताउनुभयो। पहिलो राष्ट्रियसभा अध्यक्ष कप गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगितामा पाँच समूहको सहभागिता थियो। लिग कम नक आउट सिष्टममा खेलाइने खेलको फाइनल यही चैत १७ गते हुनेछ। प्रतियोगितामा प्रथम हुनेले रु एक लाख ५० हजार, द्वितीयले रु एक लाख र तृतीय हुनेले रु ५० हजार पुरस्कार पाउने छन्।

आज भएको पर्वत र बागलुङबीचको उद्घाटन खेलमा पर्वतले जित हात पारेको छ। ३-० को सोझो सेटमा पर्वतले जितेको हो। सो अवसरमा रत्यौलि गीत प्रतियोगिता र डोरी तान्ने प्रतियोगितासमेत आयोजना गरिएको छ।

# प्रदेशस्तरीय भलिबल प्रतियोगिता शुरु

पोखरापत्र संवाददाता
दमौली, १३ चैत

दमौली- तनहुँको शुक्लागण्डकी नगरपालिकाको आयोजनामा आजदेखि शुरु प्रथम मेयर कप प्रदेशस्तरीय भलिबल प्रतियोगितामामादीगाउँपालिकाले विजय शुरुआत गरेको छ।

शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीस्थित गाउँफर्कोदयमाध्यमिकविद्यालयको खेल मैदानमा भएको पहिलो खेलमा आयोजक शुक्लागण्डकी नगरपालिका (बि) लाई पराजित गर्दै मादी गाउँपालिकाले विजय शुरुवात गरेको हो। मादीले शुक्लागण्डकी (बि)लाई २५-१७ र २५-१७ को सोझो सेटले हराएको हो।

खेलाडीलाई खेलतर्फ आकर्षित गराउन र राष्ट्रका लागि दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यसहित गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितामा १५ पालिकाको सहभागिता छ। प्रतियोगितामा स्याङ्जाको पुतलीबजार नगरपालिका, कालीगण्डकी नगरपालिका, हरिनाश गाउँपालिका, कास्कीको पोखरा महानगरपालिका, मादी गाउँपालिका, बागलुङको गलकोट नगरपालिका, तनहुँको ऋषिङ गाउँपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, देवघाट गाउँपालिका, घिरिङ गाउँपालिका, व्यास नगरपालिका र नवलपुरको बौदीकालिका गाउँपालिकाको सहभागिता रहेको प्रतियोगिता व्यवस्थापन समितिका संयोजक दीर्घबहादुर थापाले जानकारी दिनुभयो।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु एक लाख ५० हजार, रु एक लाख, रु ५० हजार र रु २५ हजार नगदका साथै शिल्ड र कप प्रदान गरिनेछ। उत्कृष्ट खेलाडीलाई रु १० हजार प्रदान गरिने प्रतियोगितामा उत्कृष्ट स्पाइकर, उत्कृष्ट ब्लकर, उत्कृष्ट डिफेन्डरलाई पनि रु पाँच/पाँच हजार नगद पुरस्कार प्रदान गरिनेछ।

# वैदिक दर्शनको महत्व बुझाउन संस्कृत र हिन्दीका ५० पुस्तक नेपालीमा

रासस
काठमाडौं, १३ चैत

वैदिक सनातन धर्मको महत्व बुझाउने उद्देश्यले गीता प्रेसले संस्कृत र हिन्दीमा प्रकाशन गरेका ५० पुस्तकको नेपालीमा अनुवाद गराएको छ।

नेपालमै पहिलो आधिकारिक बिक्री केन्द्रका रूपमा २०७३ जेठमा पशुपतिमा खुलेको गीताप्रेस कक्षले ५० पुस्तक अनुवाद गराएको हो। प्रेसले नेपालीलगायत १४ भाषामा मानव कल्याणका लागि आध्यात्मिक पुस्तक प्रकाशन गर्दै आएको छ। अनुवाद भएका पुस्तक लगानी मात्र उठाएर सर्वसाधारणलाई बिक्री गर्ने गरिएको केन्द्रका सञ्चालक जयकिसन सारडाले बताउनुभयो।'श्रीरामचरितमानससुन्दरकाण्ड', 'शरणागति', 'श्रीहनुमानचालिसा',' आदित्यहृदयस्तोत्र', 'श्रीनारायणकवच', 'रामरक्षास्तोत्र', 'गजेन्द्रमोक्ष', 'अमोघ शिवकवच', 'श्रीमद्भगवत्गीता', ' नित्यकर्म पूजाप्रकाश', 'सरलगीता', 'मानवमात्रको कल्याणका लागि', 'रामायणका आदर्श पात्र', 'आनन्दमय जीवन', 'असल बन', 'उपनिषद्का चौध रत्न', 'प्रश्नोत्तरमणिमाला', ' गीतामाधुर्य', 'विदुरनीति', 'श्रीरामगीता', नामका पुस्तक नेपालीमा अनुवाद भएका छन्।

यसैगरी 'पाण्डवगीता एवं हंसगीता', 'बालशिक्षा', ' विवेकचुडामणि', 'श्रीदुर्गा सप्तशती', ' एउटा मनको इच्छापत्र', 'नित्य स्तुति र प्रार्थना', 'साँचो गुरु को हुन् ?', 'नारद भक्ति सूत्र एवं शाण्डिल्य भक्ति सूत्र', 'चेतावनी एवं सामयिक चेतावनी', ' प्रश्नोत्तरी', 'संसारको असर कसरी छुट्छ ?', 'अष्टावक्र गीता', 'श्रीमद्भगवद् गीता पदच्छेद अन्वय', 'एकादशी व्रतको माहात्म्य', 'गरुड पुराण सारोद्धार', ' बालकका कुरा', 'मातृशक्तिको घोर अपमान', 'प्रेमदर्शन', 'दाम्पत्यजीवनको आदर्श', 'अपात्रको भगवत् प्राप्ति', ' आदर्श भक्त', 'प्रेरणप्रद कथाहरू', र ' विष्णुसहस्रनामस्तोत्र' अनुवाद भए आई पशुपति क्षेत्रमा बिक्रीका लागि राखिएको केन्द्रका व्यवस्थापक पुरुषोत्तम नेपालले जनकारी दिनुभयो।

# कहिले आउला घरघरमा धारा

पोखरापत्र संवाददाता
बागलुङ, १३ चैत

बडीगाड गाउँपालिका-७ भीमगिठे पानीको चरम समस्या भएको ठाउँ हो। वर्षामा आकाशको पानीले घाँटी भिजाउने यहाँका सर्वसाधारण हिउँदको समयमा कुवा र जङ्गल छेवैका पँधेराको भरमा बाँचेका छन्। सामुदायको सक्रियतामा निर्माण भएका कतिपय गाउँ छेउका धारामा हिउँदको समयमा पानी खस्दैन।

भीमगिठेमा रहेको पानीको समस्या सामाधानका लागि नेपाल सरकारले 'एक घर, एक धारा' कार्यक्रम सञ्चालन गर्ने भनेपछि यहाँ शुरु भएको ' विरही खानेपानी आयोजना' समेत बजेटको अभावले अलपत्र परेपछि स्थानीय थप समस्यामा परेका छन्। यो खानेपानी आयोजना २०७३ सालमा शुरु भएको हो। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमार्फत बजेट प्राप्त भएर काम शुरु भएको यो आयोजना क्रमागत आयोजना हो। अहिले यो खानेपानी आयोजनाको काम गर्ने वा नगर्ने अवस्थामा छ। "यो वर्ष बजेट चार लाख विनियोजन भएको कुरा छ तर निकासा नपाउँदा काम थाल्न सकिएको छैन।" आयोजना उपभोक्ता समितिका अध्यक्ष रणबहादुर घर्तीमगरले भन्नुभयो, "वर्षौं भयो बजेट कम हुँदा काम गर्न सकिएको छैन।"

भीमगिठेका १४९ घरपरिवारलाई घरघरमै धारा पुऱ्याउन यो आयोजना शुरु भएको हो। यसअघि दुई वटा मुहानबाट पानी ल्याउने गरी आयोजना शुरु भएको थियो। पहिलो र दोस्रो वर्ष लगाएर मुहानमा बनाइएका इन्टेक र केही पाइप बिच्छाउने कामबाहेक थप काम हुन नसकेको घर्तीले बताउनुभयो। आयोजना शुरु भएको चार वर्ष बितिसक्दासमेत धारा बनेर पानी आउने वातावरण नबनेको स्थानीय रामबहादुर रायमाझी बताउनुहुन्छ। पानीको समस्याका कारण यहाँका सर्वसाधारण पशुचौपाया तथा सरसफाइका लागि पानी प्रयोग गर्न पाउँदैनन्। भीमगिठेमा रहेको सामाजिक संस्था, विद्यालय तथा स्वास्थ्य संस्थामा समेत पानीको अभाव छ। अघिल्लो वर्ष आठ लाख रुपैयाँ खर्चेर यो आयोजनामा काम भएको थियो। पानी जम्मा गर्ने ट्याङ्की, पानी वितरण गर्ने ट्याङ्की र घर घरमा धारा बनाउने र पाइपको काम बाँकी छ। क्रमागत आयोजना भएकाले वर्षेनी विनियोजन हुने बजेटका आधारमा स्टमेट भएर काम हुने गरेको अध्यक्ष घर्तीले बताउनुभयो। आयोजना सम्पन्न हुँदा करोड बढी खर्च हुने भए पनि बजेट अति न्यून भएकाले काम सम्पन्न हुन नसकेको उहाँको भनाइ छ। यसै गरी यता बागलुङको बरेङवासीले पिउने पानीको अभाव झेल्दै आएका छन्। सडक कालोपत्र गर्दा भत्केको पाइप र ट्याङ्की मर्मत नहुँदा स्थानीयले समस्या भोग्दै आएका हुन्। बरेङ गाउँपालिका-१ झुले बरेङ खानेपानी तथा सरसफाइ योजना गत आवको असारमा सकिएको थियो। काम सकिए पनि धारामा पानी नचढेपछि बरेङ बजार बासिन्दाले हैरानी खेप्नुपरेको हो। केपी कन्ट्रक्सन पोखराले रु ५१ लाखमा खानेपानी आयोजना निर्माण गरेको थियो। अर्थ मन्त्रालयको विशेष अनुदानमा निर्माण गरिएको आयोजनाबाट पानी नआएपछि आफूहरूले हैरानी खेप्नुपरेको होटल व्यवसायी सङ्घका अध्यक्ष टिकेश गलामीले बताउनुभयो। गलामीले धारामा पानी नचढ्ने समस्याले टाढा पुगेर खेप्नुपरेको गुनासो गर्नुभयो। "निर्माण सम्पन्न भएको एक वर्ष बितिसक्दासमेत मर्मत गरेर पानी चलाउने विषयमा कुनै पहल भएको छैन", उहाँले भन्नुभयो, "पुरानो संरचना भत्काएर नयाँ बनाए पनि प्राविधिक कमजोरीका कारण धारामा पानी आएन।"

खुला सडकमा पाइप राख्दा पटकपटक फुट्ने गरेकोसमेत गलामीले बताउनुभयो। सडक निर्माणका क्रममा सबै धारा भत्काइएपछि अहिलेसम्म बनाइएको छैन। खानेपानीको राम्रो व्यवस्थापननहुँदैठेकेदारकम्पनीले गाउँपालिकालाई आयोजना हस्तान्तरण गरेपछि यो सास्ती परेको उपभोक्ता समितिका अध्यक्ष ललित उपाध्यायले बताउनुभयो।

ठेकेदारले झुले-बरेङ-पात्ला-बाँस्कोट खानेपानी उपभोक्ता समितिलाई जानकारी नै नदिइ पालिकालाई हस्तान्तरण गरेका थिए। उपयुक्त स्थानमा खानेपानी ट्याङ्की नबनेकाले पटकपटक समस्या आएको उहाँको भनाइ छ। "शुरुमा राष्ट्रिय आयोजनाको काम भनेर स्थानीय खुसी भए", उहाँले भन्नुभयो, "काम अलपत्र पारेर ठेकेदार हिँडेपछि सास्ती भएको छ।" आयोजनाबाट २०० घरधुरी प्रभावित भएका छन्। यो आयोजनाबाट तङ्ग्राम, सिग्दी, अर्लाङ्टुङ, काउलेचौर सोलार लिफ्टिङ खानेपानीका उपभोक्तालेसमेतहैरानीखेप्नुपरेकोछ। बरेङ गाउँपालिका सवइञ्जिनीयर जुद्ध पुनले ठेकेदार कम्पनीले योजना हस्तान्तरण गरेको दुई वर्षसम्म बिग्रेको खण्डमा बनाउने शर्त रहेको बताउनुभयो।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका विषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८२६११९६७२ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
EUROPEAN UNION
BRITISH COUNCIL